# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया कञ्चनपुर वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : १२

**भाग :- ३**

## मदिरा बिक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि २०७४

**प्रस्तावना**

कृष्णपुर नगरपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, बिक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा बिक्री बितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम कृष्णपुर  नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेदः- १**

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "मदिरा बिक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि" २०७४ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२) परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ।

(ख) "नगरपालिका" भन्नाले कृष्णपुर  नगरपालिकालाई सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले कृष्णपुर  नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले कृष्णपुर  नगरपालिका रहेको कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) "मदिरा"भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियर समेतलाइ जनाउँछ।

(च) "डिलरवाला" भन्नाले कृष्णपुर  नगरपालिका भित्र मदिराको थोक बिकी गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्झनुपर्दछ।

(छ) "होटल" भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनुपर्दछ र सो शब्दले रेष्टुरेन्ट समेतलाई जनाउँनेछ।

(ज) "सभा" भन्नाले कृष्णपुर  नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ।

(झ) "प्रमुख" भन्नाले कृष्णपुर  नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) "उप प्रमुख" भन्नाले कृष्णपुर  नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्दछ।

Krishnapur Municipality

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कृष्णपुर  नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनुपर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले कृष्णपुर  नगरपालिकाका नौ वटा वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ड) "सचिव" भन्नाले कृष्णपुर  नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनुपर्दछ ।

(ढ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनुपर्दछ ।

(ण) "समिति" भन्नाले प्रत्येक वडामा गठित वडा स्तरिय मदिरा व्यवस्थापन समिति लाई सम्झनु पर्दछ ।

(त) "मूल समिति" भन्नाले कृष्णपुर नगरपालिकामा गठित कृष्णपुर  नगरपालिकाको मदिरा बिक्रि वितरण व्यवस्थापन तथा नियमन समितिलाई  सम्झनुपर्दछ ।

## परिच्छेदः–२

## समिति गठन सम्बन्धि व्यवस्था

**३)** मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) उप–प्रमुख | -सदस्य |
| (ग) वडा अध्यक्षवाट नगर प्रमुखले तोकेका ५ जना | -सदस्य |
| (घ) स्थानीय प्रहरी कार्यालयको प्रहरी प्रमुख | -सदस्य |
| (ङ) नगर/जिल्ला स्तरीय होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष | -सदस्य |
| (च) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघ संस्था, आमा समुहवाट (कम्तिमा १ जना महिला सहित)  नगर प्रमुखले तोकेको २ जना | -सदस्य |
| (छ) नगर/जिल्ला स्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष | -सदस्य |
| (ज) नगर/जिल्ला स्तरीय मदिरा व्यवसाय समितिको अध्यक्ष | -सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**५.** मूल समितिको काम कर्तव्य र अधिकार

क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि नगरमा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागु गर्ने  गराउने  ।

घ) यो कार्यविधि विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च ) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

**६.** मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) सम्वन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| (ख) सम्वन्धित वडाका वडा सदस्यहरु | -सदस्य |
| (ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी | -सदस्य |
| (घ) सम्बन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्येवाट | |



Krishnapur Municipality

संयोजकले तोकेको कम्तिमा एक महिला सहित २ जना -सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समुहको प्रतिनिधि मध्ये वडा अध्यक्षले तोकेको व्यक्ति -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

७. वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

क) वडामा यस कार्यविधि बमोजिम मदिरा बिक्री, वितरण, सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) यस कार्यविधि वमोजिम आफुले गर्नुपर्ने अन्य कार्य गर्ने ।

## परिच्छेदः–३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

८. यस कार्यविधि विपरित मदिरा बिक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ४० प्रतिशत नगरपालिका ४० प्रतिशत वडा समिति र २० प्रतिशत सहयोगी व्यक्ति संस्थालाई उपलब्ध गराइनेछ । यस समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ ।

क) नगरपालिका मदिरा व्यवस्थापन कोषको संचालन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ । वडामा रहेको ४० प्रतिशत रकम वडाले समितिको निर्णय बमोजिम खर्च गरिनेछ ।

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नुपर्नेछ ।

९. कोषको रकम खर्च नगरपालिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ ।

क) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

ग) बेवारिसे व्यक्ति मरी लाश सदगद गर्नु परेमा ।

घ) नगरपलिकाले उचित ठहऱ्याएको अन्य समाजिक सेवामा ।

ङ) मदिरा सेवन विरुद्धका जनचेतनामुलक कार्यक्रमहरुमा ।

## परिच्छेद :–४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०. मदिराको विक्री वितरण गर्दा समाजमा शान्ति सुव्यवस्था अमन चयन नखल्बलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नुपर्नेछ ।

क) मदिराको विक्री वितरण गर्दा शहरी क्षेत्रको हकमा थोक विक्रेताले विहान ८ वजे देखी वेलुकी ७ वजे सम्म, खुद्रा बिक्रेताले दिउँसो २ बजे देखी बेलुकी ८ वजे सम्म र बिर्को खोली मदिरा व्यवसाय गर्नेले दिउंसो २ बजे देखि बेलुकी ८ बजे सम्म मात्र बेचविखन गर्न पाइनेछ र ग्रामिण क्षेत्रको हकमा थोक विक्रेताले बिहान ८ वजे देखि बेलुकी ७ बजे सम्म, खुद्रा बिक्रेताले साँझ ५ बजे देखी बेलुकी ८ बजे सम्म र बिर्को खोली मदिरा व्यवसाय गर्नेले साँझ ५ बजे देखी बेलुकी ८ बजे सम्म मात्र बेचविखन गर्न पाइनेछ ।

Krishnapur Municipality

ख) कृष्णपुर  नगरपालिकाको बजार क्षेत्र बाहेकको हकमा, सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, मंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट ३०० मिटर भित्र बेचविखन गर्न पाईने छैन ।

ग) मदिरा बिक्री वितरणको कारोबार गर्न अनुमति लिएकाहरुले सो बाहेक सोहि ठाउँमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन ।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन ।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दा मुनीका व्यक्तिलाई मदिरा विक्री वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ज) नयाँ मदिरा व्यवसाय सञ्चालन गर्न व्यक्तिले व्यवसायको अनुमतिका लागि वडा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ । उक्त निवेदन माथि छानबिन गरि वडा समितिको कार्यालयले सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ तर अर्को व्यवस्था नहुन्जेल सम्मका लागि वडा कार्यालयबाट हुने सिफारिस गरिनेछैन ।

**११**. कारवाही सम्बन्धी ब्यबस्था :- यो कार्यविधि विपरित मदिरा बिक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ ।

क) पहिलो पटक रु. ५०००।- जरिवाना

ख) दोश्रो पटक रु. १०,०००।- जरिवाना

ग) तेश्रो पटक रु. २०,०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा इजाजत पत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

**१२.** यस कार्यविधि विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्बल्याउने, झै-झगडा गर्ने, होहल्ला गर्ने जस्ता कार्य गरेको/हिडेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछः-

क) पहिलो पटक लाई रु. १०००।- जरिवाना

ख) दोश्रो पटक लाई रु. २०००।- जरिवाना

ग) तेश्रो पटक लाई रु. ५०००।- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा १०,०००।- जरिवाना गरिनेछ ।

१२.२ कृष्णपुर  नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी तथा स्वयमसेविका, आमा समुह लगायतले बिना ईजाजत वा अनुमति बिना मदिरा वेचविखन गरेमा तथा कर्मचारलिे कार्यालय समयमा सेवन गरेको पाईएमा शत प्रतिशत जरिवाना थप गरी विभागीय कारवाही समेत गरिनेछ ।

१२.३ यदि कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न इन्कार गरे निजलाई वडा कार्यालय तथा  नगरपालिकावाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्वाही गर्न सक्नेछ ।

१२.४ वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस,   आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१३. नगरवासीको कर्तब्य :– यो कार्यविधिलाई परिपालन गर्नु गराउनु प्रत्येक नगरबासीको कर्तब्य हुनेछ ।

१४. कार्यविधि अन्तर्गत रहि यो कार्यविधि कार्यन्वयन गर्न नगरपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

१५. मदिरा विकी वितरण व्यवस्थापन तथा नियमनका लागि नगरपालिकाले आवश्यकता अनुसार कार्यविधी बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,



Krishnapur Municipality

महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

Krishnapur Municipality